# मानेभन्ज्याङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

मानेभञ्ज्याङ, ओखलढुङ्गा
कोशी प्रदेश , नेपाल


## आन्तरिक आय सम्बन्धि शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०५/१८**

आ.व. २०८०/०८१ को लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६१ बमोजिम यस मानेभन्ज्याङ गाउँपालिकाले लिन उठाउन पाउने जडीबुटी , कवाडी र जिवजन्तु कर वापत आय सङ्कलन कार्यका लागि शिलबन्दी दरभाउपत्रद्वारा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट आफनो फर्मको नविकरण भएको प्रमाणपत्र , मुल्य अभिबुद्धि कर दर्ता प्रमाणपत्र तथा अंन्तिम आ.व. को कर चुक्ताको प्रमाणित प्रतिलिपीहरु तथा उक्त कार्य गर्न योग्य भएको स्वःघोषणा पेश गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिने छ । यो सुचना यस कार्यालयको http:/www. manebhanjyangmun.gov.np मा पनि हेर्न सकिनेछ ।

| सि.नं. | आय ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम अंक ( मु.अ.कर बाहेक) | न्यूनतम अंक ( मु.अ.कर सहित) | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | MRM/SQ/JKJ/01/080/081 | जडीबुटी ,कवाडी तथा जीवजन्तु सम्बन्धि कर सङ्कलन गर्ने कार्य (वार्षिक) | ४४१९८०।०० | ४९९४३७।४० | १०००।०० |

**शर्तहरु :**

१. दरभाउपत्र फारम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मितिले १५औं दिन सम्म कायार्यालय समय भित्र शिलबन्दी दरभाउपत्र फारम रु. १०००।– नगद दाखिला गरि वा यस गाउँपालिकाको राष्ट्रिय बाणिज्य बैंक मानेभन्ज्याङको आन्तरिक राजश्व खाता नं. २४८०१००३०१०१०००२ जम्मा गरी यस कार्यालयबाट खरिद गर्न सकिनेछ र दरभाउपत्र बुझाउदा यस कार्यालयबाट खरिद भएका दरभाउ पत्र १६औं दिन दिनको १२:०० बजे सम्म यस कार्यालयमा दाखिला गर्न सकिनेछ ।। दाखिला हुन आएका दरभाउपत्र सोही दिनको २:०० बजे यस कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ ।दरभाउपत्रदाता वा प्रतिनिधीको उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

२. खरिद भएको शिलबन्दी बोलपत्र फारम कबोल अंकको २.५ प्रतिशत रकम नगदै यस गाउँपालिकाको राष्ट्रिय बाणिज्य बैंक मानेभन्ज्याङको धरौटी खाता नं. २४८०१००३०३००००२ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले यस गाउँपालिकाको कार्यलयको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अंतिम मितिबाट कम्तीमा ९० दिन म्याद भएको बिडबण्ड संलग्न गरी रित पुर्वक सहि छाप तथा शिलबन्दी गरी दरभाउपत्र दर्ता आफै वा प्रतिनिधी मार्फत दाखिला गर्न सकिनेछ ।

३. ठेक्काको मान्य अवधी २०८१ असार मसान्त सम्म कायम रहनेछ ।

४. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि कबोल अंकको रकम एकमुष्ट यस गाउँपालिकाको राष्ट्रिय बाणिज्य बैंक मानेभन्ज्याङको आन्तरिक राजश्व खाता नं. २४८०१००३०१०१०००२ मा कबोल अंकको ५०% प्रतिशत (भ्याट सहित)रकम जम्मा गरेपछि मात्र सम्झौता गरी नियमानुसार चलान पुर्जी दिइनेछ । ठेकेदारले ठेक्का स्वीकृत भएपछि कबोल अंकको १३% प्रतिशत मुल्य अभिवृद्धि करको रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला गरि सोको प्रमाण गाउँपालिकामा पेश गर्नु पर्नेछ । बाँकी कबोल अंकको ५०% प्रतिशत रकम (भ्याट सहित ) प्रथम चौमासिक कार्तिक महिना भित्र २५% प्रतिशत रकम र दोश्रो चौमासिक फाल्गुन महिना भित्र बाँकी २५% प्रतिशत रकम यस कार्यालयको आन्तरिक राजश्व खातामा जम्मा गर्नु पर्ने छ ।

५. तोकिएको किस्ता म्याद भित्र रकम नबुझाएमा ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट असुल उपर गरिनेछ ।असुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपुर्ती समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

६. बोलपत्रदाताहरुले कबोल गरेको रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७. बोलपत्र फारमको प्रत्येक पानामा फर्मको छाप र अधिकारिक व्यक्तिको हस्ताक्षर भएको हुनु पर्नेछ ।

८. यसमा उल्लेख भएका कुरामा सोही बमोजिम र यसमा उल्लेख नभएका सार्वजनिक खरिद ऐन २०६३ र मानेभन्ज्याङ सार्वजनिक खरिद नियमावली २०७९ तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

९. अन्य थप जानकारीको लागि कार्यालय समयमा यस कार्यालयको प्राविधिक शाखाको प्रमुखको मोबाइल नम्बर ९८६९१४६३६९ मा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

छविलाल राई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner